२०८० माघ २७ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ८ /२०८०/ ८१

प्रस्तावहरुः

१. गत कार्यपालिकाको निर्णय कार्यन्वयनको समिक्षा ।

२. नेपाल सम्बत प्रयोग सम्वन्धमा

३. वडा नं ६ को प्रधानमन्त्री रोजगार अन्तर्गतको आयोजना संशोधन ।

४. रोजगारी सिर्जना तर्फको वजेट कार्यान्वयन सम्वन्धमा ।

५. आधुनिक मेसिन खरिद साझेदारी अनुदान सम्वन्धमा ।

६. ठेक्का म्याद थप सम्बन्धमा ।

७. निर्देशिका स्वीकृत सम्बन्धममा ।

८. बहुबर्षिय ठेक्का व्यवस्थापन सम्वन्धमा ।

९. पानीघट्ट निर्माण सम्बन्धमा ।

१०. कमलका जरा निकाली विक्री गर्ने सम्वन्धमा ।

११. शिशाजन्य फोहोर व्यवस्थापन सम्बन्धमा. ।

१२. फागुन १ गते स्थानीय विदा दिने सम्वन्धमा ।

१३. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सम्वन्धमा ।

१४. विशेष अनुदानतर्फका आयोजना माग सम्वन्धमा ।

निर्णयहरु

१. गत कार्यालिकाको बैठकबाट पारित भएका निर्णयहरु कार्यन्वयन सन्तोस जनक भएको र बाँकि पुरा नभएका निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने ।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को परिपत्र अनुसार नेपाल सरकारको नेपाल सम्वत सरकारी कार्यालयको लेटर प्याडमा हालसम्म विक्रम सम्वत मात्रै प्रयोग भएको तथा नेपाल सम्वत प्रयोग गर्ने सम्बन्धी राजपत्र प्रकाशित भएकोले अव उप्रान्त अनिवार्य रुपमा गाउँपालिका तथा अन्तरगत रहेका कार्यालयहरुमा नेपाल सम्बत अनिवार्य प्रयोग गर्ने ।

३. सिस्ने गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को प्रधानमन्त्री रोजगार कार्यक्रमको नेपाल सरकारको स्रोतबाट आयोजना संचालनको लागि मिति २०८०/०७/२३ गतेको निर्णयानुसार रुकुम पुर्व जिल्ला सिस्ने गाउँपालिका वडा नं ६ खोपिचारमा पुर्ण वहादुर बुढाको घरदेअ पाथिहाल्ने सम्म गोरेटो बाटो निर्माण आयोजनाका लागि रु २७२०००/- विनियोजन भएकोमा उक्त आयोजनाको नाम परिमार्जन गर्नु पर्ने भएकोले विनियोजित उक्त वजेटवाट सोहि वडाको खोपचार प्रहरी पोष्ट देखि डाङगरें बाटो हुदै झिङ्ग्री सम्म गोरेटो बाटो निर्माण गर्ने भनि ६ नं वडा कार्यालयबाट सिफारिस भए वमोजिम कार्यान्वयन गर्ने ।

४. श्रण रोजगार तथा सामाजिक विकास मन्त्रालयको मिति २०८०/०९/२६ को कार्यालयमा प्राप्त पत्रानुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनजा अन्तरगत सिपमुलक तालिम संचालन गर्नका लागि समय प्रयास नहुने सम्भावना देखिएकोले मिति २०८०।०७।२७ को कार्यापालिकाको निर्णयानुसार आयोजनालाई विनियोजित रकम रु २३ लाख ५२ लाख मध्य रु ११ लाख ९१ हजार ४ सय आयोजना संचालन र रु ११ लाख ६० हजार

[Signature] ... बहादुर बुढाथोका
प्रमुख प्रशासकीय अधिकृत

[Signature] ... रेग्मी
गा.पा. अध्यक्ष

२०८० माघ २७ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ८ /२०८०/ ८१

६ सय सिपमुलक तालिम सञ्चालन गर्ने निर्णय भएकोमा उक्त शिपमुलक बजेटबाट वडामा सुचिकृत बेरोजगार संख्याको आधारमा तपसिल बमोजिमका वडाहरुबाट कार्यक्रम माग गर्ने ।

तपसिल

| क्रस | वडा नं | विनियोजन हुने बजेट |
|---|---|---|
| १ | वडा नं ३ | ३ लाख ६ हजार |
| २ | वडा नं ४ | ३ लाख १३ हजमर २ सय |
| ३ | वडा नं ५ | १ लाख ३३ हजार ६ सय |
| ४ | वडा नं ६ | १ लाख ७ हजार २ सय |
| ५ | वडा नं ७ | १ लाख ३३ हजार ६ सय |
| ६ | वडा नं ८ | १ लाख ६७ हजार |

५. सिस्ने गाउँपालिका वडा नं १ स्थायी ठेगाना भएका श्री हर्क बिर कामिले मिति २०८० साल माघ १४ गते आरन संचालन तथा स्तरउन्नती गर्न पेश भएको आयोजना प्रस्ताव अनुसार उक्त आरण संचालनको लागि गाउँपालिकाबाट विनियोजित कार्यक्रम कृषि सामाग्री उत्पादनका लागि आधुनिक मेसिन खरिद शिर्षकको रु २००००० अनुदान स्वीकृत गर्ने ।

६. सिस्ने गाउँपालिकाको वडा नं-०२ नायगाढमा निर्माणाधिन ५ शैया अस्पताल भवन निर्माणको ठेक्का सम्झौता मिति २०७८/०९/२९ देखि मिति २०८०/०९/०७ सम्म रहेकोमा उक्त समयावधि भित्र निर्माण व्यवसायीले निर्माण गर्न भरमग्दुर प्रयास गर्दा पनि सम्झौता बमोजिमको अवधिमा निर्माण सम्पन्न हुन नसकेकी १ (एक) वर्षका लागी म्याद थप गरी पाउँ भनि पेश गरेको निर्माण व्यवसायीको निवेदनलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ बमोजिम मनासिव कारण देखि सिस्ने गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १२९ बमोजिम हाल पहिलो पटकका लागी २०८१ साल असार मसान्त सम्म लागु हुने गरी म्याद थप गर्ने ।

७. सिस्ने गाउँपालिकाबाट स्वीकृत भएको "सिस्ने गाउँपालिकाको भवन निर्माण मापदण्ड तथा नक्सापास कार्यविधि, २०८०" बमोजिम तयार पारिएको "सिस्ने गाउँपालिकामा निर्माण गरिएका पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्वन्धि निर्देशिका, २०८०" स्वीकृत गरि तत्काल सो निर्देशिका कार्यान्वयनमा लैजाने ।

८. संघीय समपुरक अनुदानबाट आ.व. २०८०/८१ देखि लागु हुने गरी ३ वर्ष अवधि सम्म स्वीकृत भएको चोकवजार-पाखागाउँ हुँदै सेराखेत ढलनिकास आयोजना चालु आ.व. मा रु. १ (एक) करोड स्रोत सुनिश्चित भएको तर चालु आ.व. मा काम सुरु गर्नलाई खाराचोक देखि चोक वजार सम्मको खण्डमा हाल विनियोजित वजेटवाट सालवसालि ठेक्का व्यवस्थापन मार्फत काम सम्पन्न गर्न बजेट अपुग देखिन आएकाले उक्त खण्ड अन्तर्गत लागत अनुमान बमोजिमको कामलाई आ.व. २०८१/८२ सम्म लागुहुने गरी वहुवर्षिय ठेक्का व्यवस्थापन मार्फत काम अगाडी वढाउँन सहमति प्रदान गर्ने ।

९. पानीघट्ट निर्माण अन्तर्गतको रकम रु ३०००००।- अक्षेरपी तीन लाख रुपैया प्राप्त तपसिल वमोजिमका व्यक्तिलाई अनुदान दिने ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

२०८० माघ २७ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ८ /२०८०/ ८१

तपसिलः

| क.स | नाम थर | ठेगाना | रकम रु |
|---|---|---|---|
| ०१ | शेर बहादुर हमाल | सिस्ने गाउँपालिका वडा नं. ५ | ७५०००।- |
| ०२ | पूर्ण बहादुर बि.क. | सिस्ने गाउँपालिका वडा नं. ६ | ७५०००।- |
| ०३ | अमृता बुढा | सिस्ने गाउँपालिका वडा नं. १, ठूलो सिस्ने | ७५०००।- |
| ०४ | ललिता बुढा | सिस्ने गाउँपालिका वडा नं. १, लाम्पाखा | ७५०००।- |

१०. सिस्ने गाउँपालिका वडा नं ५ स्थित कमल दहवाट कमलको जरा निकाली बिक्री गर्नका लागि वढावढमा आय ठेक्काको लागि तपसिलको शर्तमा रही तत्काल रेडियो र पालिकाको वेवसाइट मार्फत सात दिने सार्वजनिक सूचना प्रकाशन गर्ने ।

तपसिलः

क) कमल जरा निकाल्ने स्थानः नाग नागिनी मन्दिर देखि बराहमन्दिर हुँदै गणेश मन्दिर सम्म (दहको उत्तर पश्चिम र दक्षिण भाग ) ।

ख) न्यूनतम कबोल अंक रु १३००००। अक्षरेपी एक लाख तीस हजार रुपैया मात्र ।

ग) दहबाट कमलका जरा निकाल्ने अवधिः २१ दिन

११. पालिका भित्रको शिशाजन्य फोहर तथा शिशा बोतल अन्यत्र लैजानका लागि प्रति ट्रक २०,०००।- अक्षरेपी बीस हजार उपलब्ध गराउने ।

१२. मिति २०८० साल फागुन १ गते जनयुद्ध दिवसको अवसरमा यस गाउँपालिका मातहतका सम्पूर्ण कार्यालय, विद्यालय र संध संस्थामा एक दिन स्थानीय विदा दिने निर्णय वहुमतवाट पारित गरियो ।

१३. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका २०८० अनुसार कार्यान्वयन हुनेगरी तपसिल वमोजिमका मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम को लागि लुम्बिनी प्रदेश मुख्यमन्त्री कार्यालयमा प्रस्ताव पेश गर्ने ।निर्देशिका वमोजिम पालिकाले कुल लागतको ३० तीस प्रतिशत रकम साझेदारी गर्ने ।

<u>तपसिलः</u>

क) ई लाइब्रेरी र डिजिटल शिक्षा कार्यक्रम

ख) कृषि आधुनिकीकरण र प्रविधि प्रसार कार्यक्रम

साथै आयोजना समाप्तीपछि आयोजनाको निरन्तरता र दिगोपनाका लागि गाउँपालिकाले नियमित आवश्यक वजेटको व्यवस्था गर्ने र कार्यक्रम कार्यान्वयन सहजीकरणको लागि मासिक रुपमा आयोजनाको अनुगमन समन्वय तथा समिक्षा गर्न तपसिल वमोजिमको समिति गठन गर्ने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

CamScanner

२०८० माघ २७ कार्यपालिका बैठक कक्ष बैठक संख्या: ८ /२०८०/ ८१

तपसिल:

१) कृष्ण रेग्मी अध्यक्ष सिस्ने गाउँपालिका

२) गोपाल रेउले उपाध्यक्ष सिस्ने गाउँपालिका

३) रेवत बहादुर बुढाथोकी प्रमुख प्रशासकीय अधिकृत सिस्ने गाउँपालिका

४) कर्ण बहादुर के सी ईन्जिनियर सिस्ने गाउँपालिका

५) मंगल सिंह बुढा शिक्षा अधिकृत सिस्ने गाउँपालिका

१४. आर्थिक वर्ष २०८०/०८१ मा प्रदेश विशेष अनुदान तथा अन्य अनुदान तर्फ साक्षरता सुधारका विभिन्न कार्यक्रम आधारभूत स्वास्थ्य सेवा तथा खाद्यान्न उत्पादन अभिवृद्धि गर्ने खालका योजनाहरु सञ्चालनका लागि लुम्बिनी प्रदेश सरकार लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय राप्ती उपत्यका देउखुरी नेपाल मार्फत कार्यक्रमहरुको लागत अनुमान तयार गरी तपसिल अनुसारका योजनाहरु माग गर्ने ।

तपसिल:

१) साक्षरता सुधारका विविध कार्यक्रमहरु

२) रेवतखोला बागेधारा सिंचाई योजना सिस्ने-३

३) स्वास्थ्य चौकी सिस्ने-८, स्यालापाखामा ल्याव तथा X-Ray भवन निर्माण

निर्णय प्रमाणित

२०८०/१०/२७

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३